का.जि.प्र.का.द.नं. १००/०५९/६०
१५ वैशाख २०८०,
शुक्रबार
28 April 2023,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २१, अंक ९२ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



# दलीय स्वार्थले न्यायालय नेतृत्वविहीन

**१४ महिनादेखि न्यायालय नेतृत्वविहीन छ । राजनीतिक दलहरुले स्वार्थ केन्द्रित अडान राख्दा नियुक्ति प्रक्रियासम्बन्धी विधेयक संसदमा अलपत्र परेको छ ।**

**विकास लम्साल/मध्यान्ह**
काठमाडौं, १४ वैशाख

सत्तापक्ष र प्रतिपक्ष दलहरूबीच संसदीय समितिको नेतृत्वको भागबण्डामा सहमति भए पनि पछिल्लो समय प्रतिपक्षी दल नेकपा एमालेले थप माग राखेपछि संवैधानिक परिषद्सम्बन्धी विधेयक अलपत्र परेको छ । गत बैशाख ११ गते संवैधानिक परिषदसम्वन्धी विधेयक र संक्रमणकालीन न्यायसम्वन्धी विधेयकलाई फास्ट ट्र्याकमा अघि बढाउन सत्तारुढ दल र प्रतिपक्षी दल एमाले सहमत भएका थिए ।

सार्वजनिक लेखा समितिका अतिरिक्त अर्को एक समिति र राज्य निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिको सभापति लिन एमाले तयार भएको थियो । संवैधानिक परिषद्सम्बन्धी विधेयक प्रतिनिधि सभाको फूल हाउसबाट पारित गर्न पनि एमालेले सहमति जनाएको थियो ।

त्यही सहमति एमालेले कार्यान्वयन नगरेपछि बिहिबारको प्रतिनिधिसभा बैठकबाट पारित गर्ने भनेर कार्यसूचीमा राखिएको विषय नै हटाइएको थियो । पछिल्लो समय संवैधानिक परिषद्सम्बन्धी विधेयक संशोधन गर्दै परिषद्को बैठकमा प्रधानमन्त्री अर्थात् परिषद्का अध्यक्षबिना नै बहुमत सदस्यबाट निर्णय गर्न सक्ने प्रावधान राख्नुपर्नेमा एमालेले अडान लिएपछि विधेयक संसद्मा पेश हुन सकेन ।

एमालेले अरू थप माग अघि सारेका कारण विधेयक अघि बढ्न नसकेको माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले जानकारी दिए ।

'शीर्ष तीन नेताहरूको बीचमा जुन सहमति भयो त्यो पालना भएन' उनले भने 'त्यसकारणले नै संसदीय समिति बनाउने, संवैधानिक परिषद्सम्बन्धी विधेयक पारित गर्ने कुरामा ढिलाइ भएको हो ।'

एमालेसँगको सहमति अनुसार बुधबार संवैधानिक परिषद्सम्बन्धी विधेयक प्रतिनिधि सभाबाट पारित गर्ने, संसदीय सुनुवाइ समिति बनाउने लगायतका विषयमा पनि प्रमुख प्रतिपक्षी दलसँग सहमति भएको थियो । सोही सहमति अनुसार बुधबार नै संसदीय सुनुवाइ समितिका लागि भनेर राष्ट्रियसभाबाट तीन जना सदस्यको नाम समेत पठाइएको थियो ।

तर, एमालेले संवैधानिक परिषद्का अध्यक्ष अर्थात् प्रधानमन्त्री असहमत भए पनि परिषद्मा रहने बहुमत सदस्यबाट भएको निर्णयअनुसार संवैधानिक निकायमा नियुक्तिका लागि निर्णय गर्न सक्ने व्यवस्था राख्न एमालेले अडान लियो । सहमति कार्यान्वयनमा एमालेले थप बखेडा झिकेपछि बिहीबार प्रतिनिधि सभाको बैठकबाट पारित गर्ने भनेर कार्यसूचीमा राखिएको विषय नै हटाइएको थियो ।

यता एमाले भने संवैधानिक परिषद्सम्बन्धी विधेयकलाई संसदबाटै टुंग्याएर जान र संक्रमणकालीन न्याय सम्बन्धी विधेयकलाई विशेष समितिबाट टुंग्याउन तयार रहेको बताउदैं आएको छ । प्रतिनिधि सभाको कार्यसुचीमा राखेर प्रक्रिया अगाडि बढाउने विषयमा प्रतिपक्षीको भूमिका नरहने एमालेका सचेतक महेश बर्तौला बताउँछन् । प्रतिपक्षीलाई दोष लगाउने र प्रतिनिधि सभालाई प्रभावकारी हुनबाट रोक्ने काम सरकारले गर्दै आएको बताउदै उनले सरकारले अराजनीतिक काम गर्दै आएको आरोप लगाए ।

उनी भन्छन्, 'प्रधानमन्त्री कार्यपालिकाको प्रमुख हो । कार्यपालिकामा उहाँको असहमतिका बाबजुत केही हुन्न । संवैधानिक परिषदमा सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, उपसभामुख, प्रधानन्यायाधीश पनि हुन्छन् । जहाँ कार्यपालिका प्रमुखको सहमति अनिवार्य भन्ने हुनुहुँदैन ।'

सरकारले ल्याएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन २०६६ लाई संशोधन गर्न बनेको विधेयकलाई जस्ताको तस्तै रूपमा अगाडि बढाउन नदिने एमालेको योजना छ । संसदीय समितिमा छलफल गरेर मात्र पास गर्ने अडान लिएको एमालेले अहिले विधेयकमा भएको व्यवस्था परिमार्जन गर्नुपर्ने अडान लिएको छ ।

संविधान अनुसार बनेको परिषद्मा प्रधानमन्त्री, सर्वोच्चका प्रधानन्यायाधीश, संघीय संसद्बाट राष्ट्रिय सभा अध्यक्ष, >>> पृष्ठ २ मा



शीर्ष तीन नेताहरुको बीचमा जुन सहमति भयो त्यो पालना भएन । त्यसकारणले नै संसदीय समिति बनाउने, संवैधानिक परिषद्सम्बन्धी विधेयक पारित गर्ने कुरामा ढिलाइ भएको हो ।

**हितराज पाण्डे**
**प्रमुख सचेतक, एमाले**



प्रधानमन्त्री कार्यपालिका प्रमुख हुन् । कार्यपालिकामा उहाँको असहमतिका बाबजुद केही हुन्न । संवैधानिक परिषद्मा सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, उपसभामुख, प्रधानन्यायाधीश पनि हुन्छन् । जहाँ कार्यपालिका प्रमुखको सहमति अनिवार्य भन्ने हुनुहुँदैन ।


**महेश बर्तौला**
**सचेतक, एमाले**

■ अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षा प्रदान गरौं ।
■ अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य तथा शिक्षाको अवसर उपलब्ध गराऔं ।
■ अपाङ्गता भएका व्यक्तिको सीप र क्षमता विकास गरी आर्थिक क्रियाकलापमा सहभागी बनाऔं ।
■ अपाङ्गता भएका उद्यमीको उत्पादनलाई एकीकृत बजारीकरण गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

**दुई प्रदेशमा फेरियो सरकार**

# गण्डकीमा पाण्डे लुम्बिनीमा चौधरी मुख्यमन्त्री

राजनीतिक स्थिरताको नारा दिँदै चुनावपछि गठन भएको गण्डकी र लुम्बिनी प्रदेशका निवर्तमान मुख्यमन्त्रीद्वय अधिकारी र गिरी केही महिनामै सत्ताच्युत हुन पुगे ।





**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ वैशाख

गण्डकी प्रदेश र लुम्बिनी प्रदेश सरकार फेरिएको छ । नेपाली कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डे गण्डकी प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त भएका छन् । प्रदेश प्रमुख पृथ्वीमान गुरुङले पाण्डेलाई बिहीबार संविधानको धारा १६८ को उपधारा २ अनुसार मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

यस प्रदेशमा नयाँ सरकार गठनका लागि बिहीबार दाबी पेस गरिएको थियो । पाण्डे माओवादी केन्द्र र एकीकृत समाजवादीको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका हुन् । गण्डकीमा सत्ता साझेदार दलबीच आलोपालो सरकारको नेतृत्व लिने सहमति अनुसार पहिलो चरणमा पाण्डेले नेतृत्व गर्नेछन् । ६० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ३१ सांसदको आवश्यक पर्छ । संसदमा सवैभन्दा ठूलो दलको हैसियतले कांग्रेसको २७ सीट छ ।

सभामुखसहित माओवादीको ८ सीट रहेको छ भने, स्वतन्त्र सांसद मनाङे पनि गठबन्धनमा छन् । प्रदेश प्रमुखलाई मुख्यमन्त्री दाबी गर्दै ३५ जनाको हस्ताक्षर बुझाइएको थियो । यसअघि पुस २५ मा एमालेका खगराज अधिकारी मुख्यमन्त्री नियुक्त भएका थिए । माओवादी र राप्रपाको समर्थनमा संविधानको सोही धारा टेकेर उनी मुख्यमन्त्री भएका >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# ठगीमा परेका परिवारलाई चार वर्षमा ६ करोड क्षतिपूर्ति

**सुनसरी/रासस-** सुनसरीमा वैदेशिक रोजगारीको सिलसिलामा ठगीमा परेका परिवारलाई ६ करोड क्षतिपूर्ति वापतको रकम पीडित परिवारलाई उपलब्ध गराइएको छ । पीडित परिवारले दिएको उजुरीका आधारमा सुनसरीमा वैदेशिक रोजगारीका क्रममा ठगीमा परेका पीडित परिवारलाई चार वर्षमा ६ करोडभन्दा बढी रकम क्षतिपूर्ति वापत उपलब्ध गराइएको हो ।

वैदेशिक रोजगारका नाममा पीडित भएकाले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सुनसरीमार्फत क्षतिपूर्ति वापतको रकम पाएको सामीका सुनसरी कार्यक्रम संयोजक धीरज भट्टराईले जानकारी दिए ।

आप्रवासी स्रोत केन्द्र र अन्य निकायको समन्वयमा जिल्लाका पीडितले २०७६ देखि हालसम्म चार वर्षमा ६ करोड ४० लाख ३५ हजार पाँच सय रुपैयाँ क्षतिपूर्ति वापत रकम प्राप्त गरेको सुरक्षित आप्रवासन (सामी) का कार्यक्रम संयोजक भट्टराईले जानकारी दिए ।

जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्र र प्रहरीको सहयोगमा ७२ लाख ५७ हजार पाँच सय, श्रम कार्यालय प्रदेशको सहयोगमा तीन लाख ३० हजार, पिपुल फोरमको सहयोगमा एक लाख र मृत्युसम्बन्धी क्षतिपूर्ति पाँच करोड ६३ लाख ४९ हजारसहित अन्य निकायको समन्वयमा छ करोड ४० लाख ३५ हजार पाँच सय रुपैयाँ क्षतिपूर्ति वापत रकम पाएको उनले बताए ।

सामीले आव २०७६/२०७७ देखि चालु आवसम्म सुनसरीबाट सामीमा परामर्श लिएर विदेश जाने १७ हजार नौ सय पुरुष र तीन हजार आठ सय ५५ >>> पृष्ठ २ मा

## पोर्चुगल पठाउने भन्दै ठग्ने पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारका लागि पोर्चुगल पठाइदिने प्रलोभन देखाएर ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । कैलालीको टिकापुर नगरपालिका घर भई ललितपुरको टीकाथली बस्ने कृतकबहादुर साउदलाई १३ लाख ९२ हजार रुपैयाँ ठगी गरेको आरोपमा उपत्यका अपराध अनुसन्धान कार्यालयले पक्राउ गरेको हो ।

पोर्चुगलमा मासिक २ लाख रुपैयाँभन्दा बढी तलब हुने भन्दै साउदले पोर्चुगल पठाइदिन्छु भनेर अजरबैजानसम्म पुर्‍याएर अलपत्र पारेको प्रहरीको दाबी छ । प्रहरीले साउदलाई अनुसन्धानका लागि वैदेशिक रोजगार विभाग वुद्धनगरमा पठाएको बताएको छ ।

त्यसैगरी अष्ट्रेलिया पठाइदिन्छु भनी रकम ठगी गरेको आरोपमा प्रहरीले धरान उपमहानगरपालिकाकी सयनालाई पक्राउ >>> पृष्ठ २ मा

# हटेन सुकुम्बासी बस्ती

बागमती किनारलगायतका सम्पूर्ण क्षेत्रका सुकुम्बासीहरूको व्यवस्थापनबारे मन्त्रालय गम्भीररूपमा लागेको छ । त्यसका लागि उच्चस्तरीय भूमि आयोगसँगको समन्वयमा तयारी भइरहेको छ ।

**नारायणकाजी श्रेष्ठ**
**गृहमन्त्री**

हामीले बस्ती हटाउने प्रयास गरेका हौं, तर सम्बन्धित निकायबाट हाम्रो सुरक्षाको ग्यारेन्टी भएन ।

**उद्धव तिमल्सिना**
**अध्यक्ष, बागमती सभ्यता एकीकृत समिति**

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १४ वैशाख ।

संघीय सरकार र काठमाडौं महानगरपालिकाको टकरावले उपत्यकाका सुकुम्बासी हटाउने विषय भाषणमै सीमित भएको छ । दशकौंदेखि उपत्यकाका खोला किनार अतिक्रमण गर्दै बसेका सुकुम्बासी बस्ती हटाउने भन्दा पनि संघ र महानगरको दोषारोपणले उक्त काम अघि बढ्न सकेको छैन । जसले गर्दा महानगरका मेयर बालेन्द्र शाहले सामाजिक सञ्जाल मार्फत गृहमन्त्रीले अवैध वस्तीको संरक्षण गरेको दाबी गरेका छन् ।

'यसतर्फ कुनै पनि कदम नचाली वैधानिक रुपमा नै यति भइसक्दा पनि कुन कानुन र नैतिकताका आधारमा यस्ता अवैध संरचना संरक्षण गर्नु हुन्छ गृहमन्त्रीज्यू ? कसरी कानूनी राज्यको अनुभूति दिलाउनु हुन्छ ?' बालेनले गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई प्रश्न गरेका थिए । उनले सरकारको संरक्षणकै कारण



काम गर्न नसकेको दाबी गर्दै आएका छन् । मेयर बालेनको टोली केही समयअघि थापाथलीस्थित सुकुम्बासी बस्तीमा डोजर लिएर पुगेको थियो । तर, त्यहाँका वासिन्दाले महानगर >>> पृष्ठ २ मा

होटल ट्रेनिङ सेन्टर बिक्रीमा
बिगत १५ बर्ष देखि चलिआएको CTEVT बाट मान्यता प्राप्त होटल ट्रेनिङ सेन्टर बिक्रीमा भएकाले ईच्छुक व्यक्तिहरुले तु-सम्पर्क गर्नु होला ।
थप जानकारीका लागि
9847751037

# कोत धुकु पेट्रोल पम्पमा शिलबन्दी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ वैशाख

काठमाडौं महानगरपालिकाले वडा नं. १६ बालाजुमा रहेको कोतः धुकु आयल स्टोरमा शिलबन्दी गरेको छ । वैशाख ६ गतेको प्रमुख स्तरीय निर्णयबाट बिहीबार उक्त स्टोरमा शिलबन्दी गरिएको हो । नेपाल आयल निगमको साधारण विक्रेता रहेको आयल स्टोरको पेट्रोलियम पदार्थ बिक्री गर्न मापदण्ड नपुगेकोले शिलबन्दी गरिएको महानगर प्रहरी बलका प्रमुख प्रहरी उपरीक्षक राजुनाथ पाण्डेले बताए । पम्प घरको सटरबाट सञ्चालनमा थियो । यसलाई जाली र फलामे साङ्लोले




बेरेर लगाइएको तालामा शिल गरिएको छ ।

नेपाल आयल निगमका अनुसार 'पेट्रोलियम पदार्थ विक्रेता नियमावली २०७५ (प्रथम संशोधनसहित)' को मापदण्ड नपुगेका कारण तत्काल स्थानान्तरण गर्नुपर्ने १६ वटा पम्पको सूचीमा यो पम्प परेको थियो । ती पम्पहरुका कारण सवारी साधन तथा पैदल यात्रुको आवागमनमा समस्या परेको र ट्राफिक व्यवस्थापनलाई समेत असहज बनाएको जनाइएको छ । पम्पमा सिल गर्न काठमाडौं महानगर प्रहरी प्रमुख एसपी पाण्डेको नेतृत्वमा दुई दर्जन बढी नगर प्रहरीहरु त्यहाँ पुगेका थिए । मापदण्ड मिचेर पेट्रोल पम्प चलाउने व्यक्ति नमराज भट्ट हुन् । यसअघि महानगरले त्यसरी पम्प संचालन नगर्न आग्रह गरेपनि उनले अटेरी गरेको महानगरको भनाइ छ ।

महानगरले मापदण्डविपरित संचालित पेट्रोल पम्प,अवैध संरचना हटाउने अभियानलाई तीव्रता दिएको छ। मंगलबार मात्रै महानगरपालिकाले काठमाडौंको भ्युटावर नजिक रहेको पुरानो बसपार्कमस्थित सडकपेटीको प्रहरी बिट हटाएको थियो ।

# सूचना दिने सहमतिपछि रिले अनसन स्थगित

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, १४ वैशाख

रौतहट बृन्दावन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओम प्रकाश पाण्डेयले सूचना दिने लिखित सहमति गरेपछि ३९ औं दिनमा रिले अनसन स्थगित भएको छ ।

'एक महिनादेखि रिले अनसन' शीर्षकमा मध्यान्ह राष्ट्रिय दैनिकमा समाचार प्रकाशन भएको दुई दिनमै सम्बन्धित निकायको ध्यानाकर्षण भएको हो ।



नगरपालिकाको नाममा रहेको बैंक खाताको स्टेटमेन्ट लगायत माग भए बमोजिमको कागजात दिने, सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने, सुशासन पारदर्शिताका लागि प्रयत्नशील

**मध्यान्ह समाचार प्रभाव**

हुने लगायत ६ बुँदे सहमति भएको वडाध्यक्ष श्याम नन्दन यादवले बताए ।

सहमति पत्रमा नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत पाण्डेय र अनसनकारीको तर्फबाट नेपाली कांग्रेसका रामसिनेही यादव, एमालेका प्रेमशंकर यादव, माओवादीका राम प्रसाद पटेलसहितले हस्ताक्षर गरेका छन् । सूचना दिन आलटाल गरेपछि ४ जना निर्वाचित वडा अध्यक्षसहित ३ जना नगरप्रमुखका प्रत्यासी चैत ७ गते देखि २४ घण्टे रिले अनसन बसेका थिए ।

# वीरदल गुल्म रौतहटले निःशुल्क स्वास्थ्य शिविर आयोजना गर्ने

रौतहट/मस- नेपाली सेनाको वीरदल गुल्म रौतहटले निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने भएको छ। जिल्लाको उत्तरी भेग चन्द्रपुर नगरपालिकाका विभिन्न ६ वटा वडाका स्थानीयलाई लाभान्वित गराउने उदेश्यका साथ शिविर गर्न लागिएको प्रमुख सेनानी गंगा बहादुर विष्टले बताए ।

चन्द्रपुर नगरपालिका वडा नम्बर ८ स्थित शिवशक्ति आधारभूत आवासीय विद्यालय मोतिपुरमा यहि वैशाख १६ गते शनिबार स्वास्थ्य शिविर आयोजना हुने प्रमुख सेनानी बिष्टले बताए। शिविरमा आँखा, बाल रोग, मधुमेह, निमोनिया, स्त्रीरोग, दम, हाडजोर्नीसहितका बिरामीको उपचार तथा औषधी वितरण लगायतका कार्यक्रम रहेका छन् । बिहान ७ बजे शुरु भइ साँझ ५ बजेसम्म शिविर सञ्चालन हुनेछ। चन्द्रपुर नगरपालिका, रेडक्रस सोसाइटी, औषधी व्यवसायी संघ, प्रभु बैक, ग्रामीण विकास केन्द्रसहितको सहयोगमा शिविर सञ्चालन गर्न लागिएको प्रमुख सेनानी विष्टले बताए ।

### दलीय...

प्रतिनिधि सभाका सभामुख र उपसभामुख रहेको ठाउँमा प्रधानमन्त्रीलाई नै विशेषाधिकार दिनुपर्छ, प्रधानमन्त्री बैठकमा नआउँदा निर्णय नै नहुने खालको कानुन बनाउन नमिल्ने एमालेको अडान रहेको छ ।

एमालेको यो तर्क मान्न सत्तापक्ष तयार नभएका कारण विधेयक अघि बढ्न नसकेको हो । फाष्ट ट्र्याकमा संवैधानिक परिषद्सम्बन्धी विधेयक पारित गर्ने र संसदीय सुनुवाइ समिति गठन गरेर सर्वोच्चमा रिक्त रहेको प्रधानन्यायाधीश नियुक्तिको गाँठो फुकाउने सरकारको चाहनामा एमालेको अर्को प्रस्तावले अवरोध सिर्जना गरेको छ ।

प्रतिनिधि सभा अन्तर्गतका संसदीय समिति बन्न नसक्दा संसद्मा प्रस्तुत भएका विधेयकहरू छलफलको क्रममा अघि नबढी थन्किएर बसेको छ । संवैधानिक परिषद्सम्बन्धी विधेयक अघि नबढ्दा र संसदीय सुनुवाइ समिति गठन नहुँदा संवैधानिक निकायमा पदाधिकारी नियुक्तिको बाटो बन्द भएको छ । सर्वोच्च अदालत १४ महिनादेखि कामु प्रधानन्यायाधीशले चलाइरहेका छन् भने कानुन र संसदीय समिति गठन नहुँदा प्रधानन्यायाधीश नियुक्त गर्न कठिनाइ रहेको छ ।

### दुई...

थिए । राष्ट्रपति निर्वाचनलाई लिएर बनेको नयाँ सत्ता समिकरण अनुसार सरकारबाट माओवादी बाहिरीएपछि अधिकारी नेतृत्व सरकार अल्पमतमा परेको थियो । अधिकारीले वैशाख ९ मा विश्वासको मत प्राप्त नगरेपछि गण्डकीमा नयाँ सरकार गठन भएको हो ।

लुम्बिनी प्रदेशले पनि बिहीबार नै नयाँ सरकार पाएको छ। सुरुमा एमाले र माओवादी केन्द्र समेतको समर्थनमा एमालेका लिला गिरी मुख्यमन्त्री भएका थिए । पाँचै वर्ष मुख्यमन्त्री बन्ने सहमति अनुसार प्रदेश सरकारको नेतृत्व गरेका गिरी पनि केही महिनामै सत्ताच्युत भए ।

नयाँ सत्तासमीकरण अनुसार लुम्बिनी प्रदेशमा कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरी मुख्यमन्त्री नियुक्त भएका छन् । प्रदेश प्रमुख अमिक शेरचनले संविधानको धारा १६८ को उपधारा २ अनुसार ८ दलको समर्थन देखिएपछि मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

चौधरीलाई कांग्रेससहित माओवादी, नागरिक उन्मुक्ति, जसपा, लोसपा, जनमत, राष्ट्रिय जनमोर्चा, नेकपा एकीकृत समाजवादी र एक जना स्वतन्त्र प्रदेशसभा सदस्यको समर्थन रहेको छ ।

यसअघि बनेको एमाले नेता लिला गिरी नेतृत्वको सरकारले सोमबार विश्वासको मत प्राप्त गर्न नसकेपछि ढलेको थियो । चौधरीलाई कांग्रेसका २७, माओवादीका ११, नागरिक उन्मुक्तिका ४, जनमत, जसपा र लोसपाका ३/३ र जनमोर्चा, नेकपा एस र स्वतन्त्रका १/१ जनासहित ५३ जनाको समर्थन छ । चौधरी दाङको निर्वाचन क्षेत्र नं. ३ (१) बाट निर्वाचित हुन् । यसअघि पनि निर्वाचित उनी अघिल्लो प्रदेश सभामा लामो समयसम्म सार्वजनिक लेखा समितिको सभापति भएर काम गरेका थिए। झन्डै डेढ वर्ष प्रदेशको पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्री पनि भए । चौधरी संघीय सरकारको श्रम राज्यमन्त्री पनि भएका थिए ।

दाङको कमैयामुक्ति आन्दोलनका अगुवा रहेका चौधरी विभिन्न गैरसरकारी संघ संस्थाहरुमा पनि नेतृत्व गर्दै सामाजिक अभियन्ताको पहिचान बनाएका व्यक्ति हुन् ।

### ठगीमा...

महिला गरी २१ हजार सात सय ५५ रहेको उनले बताए । सामीले एक सय २९ पुरुष र ८७ महिलालाई निःशुल्करुपमा सीपमूलक तालिम दिएको उनले बताए । सामीले यो तथ्यांक श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको तथ्यांकमा आधारित भएको जनाएको छ । यसैबीच कञ्चनपुरमा स्थानीय तहबाटै वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति दिन शुरु गरेका छन् । जिल्लाका नौमध्ये दुई पालिकाले वैदेशिक रोजगारीमा जानेलाई श्रम स्वीकृति उपलब्ध गराउन शुरु गरेका हुन् ।

पहिलो पटक बेदकोट नगरपालिकाले वैशाख १ गतेदेखि वैदेशिक रोजगारीका श्रम स्वीकृति दिन शुरु गरेको थियो । नगरपालिकाबाट हालसम्म दुई जनाले वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिएको रोजगार संयोजक भोजराज अवस्थीले जानकारी दिए ।

'अहिले पुरानालाई मात्रै श्रम स्वीकृति दिइरहेका छौं, स्वास्थ्य परीक्षण र अभिमुखीकरण तालिमका लागि अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रयोगशाला चाहिन्छ', उनले भने, 'यस्तो प्रयोगशाला प्रदेशमा पनि छैन, त्यसैले नयाँलाई श्रम स्वीकृति दिन सकिएको छैन ।'उनका अनुसार नयाँ श्रम स्वीकृति लिनेहरुसँग स्वास्थ्य परीक्षण र अभिमुखीकरण भएमा पालिकाबाटै दिन स्वीकृति लिन सकिने छ ।

दार्चुलाको शैल्यशिखर नगरपालिका घर भई हाल बेदकोटमा बसोबास गर्ने गोपाल खडायत र बेदकोट नगरपालिका-१० सिसैयाका केशवराज पन्तले युनाइटेड अरब इमिरेट्स (यूएइ)मा जानका लागि पुनः श्रम स्वीकृति नगरपालिकाबाट पाएको रोजगार संयोजक अवस्थीले बताए । 'वैदेशिक रोजगारीमा जाने दुई जनाको पुनः श्रम स्वीकृत भइसकेको छ, अरु दुई जनाको प्रक्रियामा छ', उनले भने, 'अनलाइनमार्फत फारम भरेर स्वीकृति लिन सकिन्छ।' श्रम स्वीकृतिका लागि सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्छ। 'पुरानो श्रम स्वीकृति, राहदानी, कार्डलगायत कागजपत्र अनलाइनमा प्रविष्ट गर्नुपर्छ', रोजगार संयोजक अवस्थीले भने, '१४ लाखसम्मको साढे दुई वर्षको बीमा पनि हुन्छ ।'

नगरपालिकाले स्थानीय तहमै श्रम स्वीकृति दिन थालेपछि वैदेशिक रोजगारीमा जानेलाई सहज भएको छ । यसले हजारौं रकम खर्च गरी काठमाडौं पुगेर घण्टौं लाइन बस्नुपर्ने बाध्यता हटेको छ ।

सदरमुकामको भीमदत्त नगरपालिकाले पनि वैदेशिक रोजगारमा जान चाहनेलाई नगरको रोजगार सेवा केन्द्रबाट पुनः श्रम स्वीकृति दिन शुरु गरेको छ। भीमदत्त नगरपालिकाले दुई जनालाई सोमबार श्रम स्वीकृति प्रदान गरेको हो । भीमदत्त नगरपालिका-९ का आनन्द सिंह रावत र वडा नं. ८ का भवानसिंह भण्डारीले नगरपालिकाबाट पुनः श्रम स्वीकृति पाएका छन् ।

गत चैत १६ गते मन्त्रीस्तरीय निर्णयबाट वैदेशिक रोजगारमा जान चाहने नागरिकले सम्बन्धित स्थानीय तहबाटै श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति लिनुपर्ने निर्णय भएको थियो । वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्थाअनुसार वैदेशिक रोजगारमा जान चाहने हरेक नागरिकले अनिवार्य श्रम स्वीकृति लिनुपर्ने व्यवस्था छ ।

### पोर्चुगल...

गरेको छ। उनी पीडितहरुबाट पटक-पटक गरी ३० लाख रुपैयाँ ठगी गरी सम्पर्कविहीन भएको प्रहरीको आरोप छ । उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उनलाई लाजिमपाटबाट पक्राउ गरेको हो ।

### हटेन...

विरुद्ध नारावाजी र ढुंगा हानाहान गरेपछि महानगर बस्ती नभत्काई फर्किएको थियो ।

यता, सुकुम्बासी बस्ती हटाएर वागमतीको सफाईमा लाग्ने जिम्मा पाएको वागमती सभ्यता एकीकृत समितिले पनि आफ्नो काममा सरकारको पूर्ण समर्थन नरहेको बताएका छन् ।

'हामीले बस्ती हटाउने प्रयास गरेका हौं, तर सम्बन्धित निकायबाट हाम्रो सुरक्षाको ग्यारेन्टी भएन' वागमती सभ्यता एकीकृत समितिका अध्यक्ष उद्धव तिमल्सिनाले भने। उनले सुकुम्बासी को हो भन्ने पहिचानमै सकस भएको र सबै तहबीच राम्रो समन्वय नभएको बताएका हुन् ।

सुकुम्बासी स्थानान्तरण एक दशभन्दा पूरानो अवधारणा हो । बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा सुकुम्बासी तथा न्यून आय भएका परिवारका लागि पुर्नस्थापना र व्यवस्थित बसोबासको लागि बनेको योजना र भवन हाल अन्य प्रयोजनका लागि प्रयोग भइरहेका छन् । 'वागमती किनार लगायतका सम्पूर्ण क्षेत्रका सुकुम्बासीहरूको व्यवस्थापनबारे मन्त्रालय गम्भीर रूपमा लागेको छ । त्यसका लागि उच्चस्तरीय भूमि आयोगसँगको समन्वयनमा तयारी भइरहेको छ। पहिलो चरणमा उनीहरूको पहिचान गर्ने क्रम जारी छ,' एक कार्यक्रमलाई सम्बोधन गर्दै गृहमन्त्री श्रेष्ठले भने । उनले सबै पक्षसँग समन्वय गरेर सरकारले बस्ती स्थानान्तरण गर्ने कामलाई अघि बढाउने दाबी गरेका हुन् ।

वागमती सभ्यता एकीकृत विकास समितिले संसदीय निर्वाचनभन्दा अघि नै दश दिने म्यादसहित वागमती किनारमा भएको बस्ती स्थानान्तरण गर्ने सूचना टाँस गरेको थियो। तर, आफूहरुलाई बासको राम्रो प्रबन्ध नभएसम्म कतै नसर्ने भन्दै सुकुम्बासीहरु पटकपटक महानगरको विरोधमा समेत उत्रिदैं आएका छन् । एक सर्वेक्षणले काठमाडौंका सुकुम्बासी बस्तीहरूमा बस्नेमध्ये ६० प्रतिशत अन्यत्र घर वा जग्गा भएको देखाएको थियो। सरकारले वास्तविक सुकुम्बासी पहिचान गर्न आयोग पनि गठन गरेको छ भने यसका लागी थुप्रै रकम पनि खर्च भइसकेको छ । तर पनि, एकअर्कालाई दोषारोपण गरेर सुकुम्बासी हटाउने काम अघि बढ्नै सकेको छैन ।

## Gurans Rural Municipality
## Office of the Rural Municipal Executive
**Ranimatta, Dailekh**
**Karnali province, Nepal**

## INVITATION FOR BIDS

**(First Date of publication: - 2080.01.15 B.S.)**

1. **Gurans Rural Municipality Office** has allocated funds towards the cost of following projects and intends to apply part of the funds to cover eligible payments under the Contract for following projects. Bidding is open to all eligible Nepalese Bidders.
2. **Gurans Rural Municipality** Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information at the **Gurans Rural Municipality, Ranimatta, Dailekh** Phone N0: 9858020144 & PPMO website.
4. Bid must be submitted by egp system from ppmo website before ***12:00 PM on 31st day (2080/02/14) of Publication***. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **12:30 PM on 31st day** ***(2080/02/14)*** at the **Gurans Rural Municipality Office**. If the bidder's representative **does not choose** to attend for opening, there will be no objection in opening the tender.
6. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security amounting to a minimum of 2.5% of estimated amount, which shall be valid for **30 days** beyond the validity period of the bid. If the bidder wishes to submit the bid security in the form of cash, the amount should be deposited in **Prabhu Bank Ltd., Ranimatta Branch, Account Name: Gurans Rural Municipality, Dailekh, Dharauti Khata, and Account Number: 1550109299100071 or bank guarantee.** And bid document fee must be deposited in **Prabhu Bank Ltd. Ranimatta Branch, Rajaswa Khata, and Account No. 1550109299100081.**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| Contract No. | Name Of Work | Bid document fee (Non-refundable) | Estimated Amount (Including VAT) | Bid Security |
|---|---|---|---|---|
| GRM/WORKS/ NCB/01/079/080 | Construction of Pre-Fabricated Office Building, Gurans Rural Municipality, Ranimatta, Dailekh | NRs. 3000/- | NRs. 49,62,720.95 | NRs. 1,25,000.00 |

**Chief Administrative Officer**

## Belaka Municipality
## Office of Municipal Executive
**Rampur, Udayapur**
**Koshi Province, Nepal**

## Letter of Intent to award the contract

**First Date of Publication: 2080/01/15**

Pursuant to clause 27, sub clause 2 and 3 of Public Procurement Act, 2063 and ITB Clause 33 of Bidding Document, all concern bidders participated in the bidding as per notice published on Madhyanha National Daily Newspaper dated 2079.12.09 and 2079.12.10 B.S. are notified that, it is our intention to award the contract as provided in the table below.

| S.N. | Name of Project | IFB No. | Name and Address of Qualified Bidder | Bid Amount (with VAT and PS) |
|---|---|---|---|---|
| 1 | Procurement and Supply of RCC Hume Pipe | 09/BELAKA/SQ/ GO/2079-080 | Shankar Cement Concrete Udhyog Pvt. Ltd., Biratnagar, Morang | 6,90,528.88 |
| 2 | Tribeni Chowk to Dhauri Road Maintenance Work | 13/BELAKA/ NCB/W/2079-080 | Ma Chandra Construction Pvt. Ltd., Belaka-4, Udayapur | 24,49,413.57 |

**Chief Administrative Officer**

**Sudur Pashchim Province Government**
## Ministry of Physical Infrastructure Development
## Water Resources and Irrigation Development Division Office
**Mangalsen, Achham**

## Letter of Intent

**Date: 2080/01/15 B.S.**

This is to notify all the concerned bidders in accordance with clause 27 & 47 of PPA, 2063 and the instruction to bidders that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is hereby selected as lowest evaluated substantially responsive bid.

| Contract Identification No: | Name of Project | Lowest evaluated substantially responsive Bidder | Bid Price (including PS & VAT) |
|---|---|---|---|
| WRIDDO/AHM/ NCB/W-01 /2079-080 | Budhiganga River Training Works for the Protection of Sanfebagar Airport. | New Kal Bhairab Builders, Achham | 84,68,384.00 |

**Division Chief**

## कोरोना संक्रमण

# दुई हप्तामा १५ सय संक्रमित, ७ जनाको मृत्यु

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ वैशाख

नेपाल पछिल्लो केहि दिनयता कोरोना संक्रमितको संख्या बढ्न थालेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार वैशाखको दुई हप्ताको अवधिमा झण्डै १५ सय कोरोना संक्रमित थपिएका छन्। मन्त्रालयका अनुसार वैशाख १४ गतेसम्म १ हजार ४ सय ९२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। नेपालमा ओमिक्रोनको एक्सबीबी.१.१६ भेरियन्ट पुष्टि भएसँगै संक्रमितको संख्या पनि बढ्न थालेको हो। मन्त्रालयले गत चैत २० गते सो भेरियन्ट नेपालमा समेत पुष्टि भएको जानकारी गराएको थियो।

पछिल्लो दुई हप्ताको अवधिमा ८ सय ४६ जना संक्रमणमुक्त भएका छन्। हाल देशभर




३७८ जना सक्रिय सङ्क्रमित छन्। नेपालमा औसत निको हुने दर ९८.७ प्रतिशत छ।

वैशाख महिनामा मात्रै ७ जनाले कोरोना संक्रमणबाट ज्यान गुमाएका छन्। कोभिड महामारी शुरु भएयता नेपालमा १२ हजार २९ जनाले ज्यान गुमाइसकेका छन्।

नेपालमा कोभिडबाट मृत्यु हुनेको दर १.२ प्रतिशत छ। काठमाडौं उपत्यकामा अहिले कोरोना संक्रमितको संख्या तीन सय ७८, संस्थागत आइसोलेसनमा १८ र सघन उपचार कक्षमा छ बिरामी रहेका छन्। यस्तै भेन्टिलेटरमा एक बिरामी छन्। परिवार कल्याण महाशाखाअन्र्तगतको बालस्वास्थ्य तथा खोपसेवा शाखाका प्रमुख डा.अभियान गौतमका अनुसार देशभर कोरोनाविरुद्धको खोप लगाउनेको संख्यासमेत बढ्न थालेको छ।

उनले खोप लगाउन छुटेका व्यक्तिलाई केन्द्रमा राखेर खोप अभियान सञ्चालन भइरहेको जनाउँदै नजिकैको स्वास्थ्य केन्द्रबाट छुटेका सबैलाई पहिलो, दोस्रो र बुस्टर खोप लगाउन आग्रहसमेत गरेका छन्।

## फैसलाविरुद्ध सर्वोच्चमा पुनरावेदन

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विराटनगर भन्सार कार्यालयका तत्कालीन प्रमुख कृष्णबहादुर बस्नेतलगायतलाई सफाइ दिने विशेष अदालतको फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ।



आयोगका प्रवक्ता भोला दाहालका अनुसार कृष्णबहादुर बस्नेत, उनकी श्रीमती सबिता गौली बस्नेत, जेठान नविन कुमार गौली, नविनकुमारकी श्रीमती शकुन्तला र छोरा शुलभलाई सफाइ दिने विशेष अदालतको फैसला त्रुटीपूर्ण भएको दाबीसहित बिहीबार सर्वोच्चमा पुनरावेदन गरिएको हो। अख्तियारले १० करोड ५६ लाख ९१ हजार ६० ९ रुपैयाँ ९१ पैसा बिगो कायम गरी उनीहरुको चल अचल सम्पत्ती समेत जफत गर्न माग दाबीसहित भ्रष्टाचार मुद्दा दायर गरेको थियो। तर आरोप पुष्टि नहुने ठहर गर्दै विशेष अदालतले २०७९ साल पुस १ गते सफाइ दिने फैसला गरेको थियो।

### घुस रकमसहित रंगेहात पक्राउ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उद्योग विभाग, औद्योगिक सम्पत्ति शाखा त्रिपुरेश्वरकी शाखा अधिकृत र कार्यालय सहयोगीलाई घुससहित पक्राउ गरेको छ। आयोगको टोलीले शाखा अधिकृत कुमारी तारा घिमिरे र कार्यालय सहयोगी दिपा थापालाई घुस रकमसहित रंगेहात पक्राउ हो।

अख्तियारको स्टीङ टोलीले उनीहरु दुबैलाई सेवाग्राहीबाट १२ हजार रुपैयाँ घुस लिंदै गरेको अवस्थामा पक्राउ गरेको हो। उनीहरु उद्योग विभागको औद्योगिक सम्पत्ति शाखामा कार्यरत थिए। अख्तियार टोलीले शाखा अधिकृत घिमिरेको कार्यकक्षबाट स्रोत नखुलेको ३७ हजार ५ सय ३२ रुपैयाँ पनि बरामद गरेको छ। उनले कम्पनीको ट्रेड मार्क दिने कार्यमा सहजीकरण गर्ने भन्दै सेवाग्राहीसँग घुस लिइरहेको अवस्थामा पक्राउ गरिएको अख्तियारले जनाएको छ।

## खोप छुटेका बालबालिका पत्ता लगाउन घरधुरी सर्वेक्षण

**काठमाडौं/मस–** नियमित खोप लगाउन छुटेका बालबालिका पत्ता लगाउन काठमाडौं महानगरपालिकाले वैशाख २४ गतेदेखि ३० गतेसम्म घरधुरी सर्वेक्षण गर्ने भएको छ।

स्वास्थ्य विभागका महाशाखा प्रमुख सजिना महर्जनका अनुसार पूर्ण खोप सुनिश्चितता र प्रमाणीकरण गर्न, पूर्ण खोप घोषणा सुनिश्चितता निर्देशिका बमोजिम खोप लगाउन छुटेका बालबालिका खोजी गर्न लागिएको हो। यो खोजीबाट १६ महिनादेखि ५९ महिना उमेर समूहका बालबालिकाहरुमा खोपको अवस्था पहिचान गरिनेछ। ५ बर्ष उमेर समूहका बालबालिकाको जनसंख्याको आधारमा स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरेर खोजी तथा सर्वेक्षण कार्य हुनेछ। यसबेला भेटिएका बालबालिकालाई बैशाख ३१ गते बोलाएर खोप दिने व्यवस्था मिलाइनेछ।

राष्ट्रिय खोप तालिका अनुसार बृहत खोज र खोप अभियान अन्तर्गत नियमित खोप लगाउनु पर्ने र यसअघि छुटेका बालबालिकालाई भोलि अर्थात् बैशाख १५ गते शुक्रबार पनि खोप दिइनेछ। महाशाखा प्रमुख महर्जनका अनुसार तालिकाअनुसार नियमित खोप लगाउनु पर्ने वा छुटेका सबै बालबालिकाका लागि महानगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाबाट खोप दिइनेछ। यसको सबै तयारी पूरा भइसकेको छ।

नेपालमा वैशाख महिनालाई खोप महिनाको रुपमा मनाउने गरिएको छ। काठमाडौं महानगरपालिकाले खोप महिनाको रुपमा मनाउन विभिन्न क्रियाकलापहरु सञ्चालन गरिरहेको छ। पहिलो खोप बच्चा जन्मिने वित्तिकै बिसीजी खोप लगाइन्छ। दोस्रो खोप ६ हप्तामा रोटा, पोलियो, पीसीभी, डीपीटी, हेब बी–हिब खोप दिइन्छ। तेस्रो खोप जन्मेको १० महिनामा दिइन्छ। यसमा ६ महिनामा दिइएको खोपको दोस्रो मात्रा दिइन्छ। चौधौं हप्तामा चौथो खोप दिइन्छ। यसमा पोलियो, एफआइपीभी, डीपीटी र हेब वी–हिब खोप लगाइन्छ। ९ महिनामा पाँचौं खोप लगाइन्छ। यसमा एफआइपीभी, पीसीभी र रुवेला दादुरा खोप लगाइन्छ। १२ महिनामा छैटौं पटक खोप दिइन्छ। यस पटक दिइने खोप जापानीज इन्सेफालाइटिस हो। १५ महिनामा सातौं खोप दिइन्छ। यो खोप रुवेला दादुराको दोस्रो मात्रा हो। यसैबेला टाइफाइडको खोप पनि लगाइन्छ।

### विशेष खोप अभियान शुरु

ललितपुरमा बालबालिकाका लागि आजदेखि विशेष खोप अभियान शुरु गरेको छ। जिल्ला स्वास्थ्य कार्यालयको पहलमा बिहीबार बसेको जिल्ला पूर्ण खोप समन्वय समितिको बैठकको निर्णयानुसार नियमित खोप लगाउन छुटेका पाँच वर्ष मुनिका बालबालिकाका लागि दुई दिन विशेष खोप कार्यक्रम गर्ने निर्णय भएको स्वास्थ कार्यालयका प्रमुख डा. अर्जुनप्रसाद सापकोटाले जानकारी दिए। जिल्ला पूर्ण खोप समन्वय समितिको बैठकले यही वैशाख १५ र ३१ गते खोप अभियान सञ्चालन गर्ने निर्णय गरेको हो।

यसअघि विभिन्न कारणले खोप लगाउन छुटेका सबै बालबालिकालाई दुई दिनको विशेष अभियानमा समेट्न जिल्लाका सबै संयन्त्र परिचालन गर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले बताए। विशेष खोप कार्यक्रमका लागि पाटन अस्पतालले दुई दिन नै विशेष बुथ राख्ने स्वास्थ्य कार्यालयका अधिकृत पार्थमणि न्यौपानेले जानकारी दिए।


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०७/२० मा दर्ता भएको **प्रा.लि. नं. ३०१६८० को रिफ्रेस फ्रुट प्रोसेसिङ्ग एण्ड सप्लायर्स प्रा.लि.**को मिति २०८०/०१/१२ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल :** rokayasherbahadur723@gmail.com

### डिभिजन वन कार्यालय, मोरङको
**जडीबुटी विकास कार्यक्रम संचालन सम्बन्धी पस्ताव आवहानको सूचना**
**प्रथम पटक सूचना प्रकाशित मिति : २०८०।०१।१४**

यस कार्यालयको आ.व. ०७९।०८० को नेपाल सरकारद्वारा हस्तान्तरित सशर्त कार्यक्रम तर्फको स्विकृत बार्षिक तपसलिको कार्यक्रम अन्तंगत निम्न पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार कार्यक्रम संचालनका लागि ईच्छुक उधमी, सामुदायिक वन समूह वा किसानले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र कार्यालय समयमा तोकीएको कागजात सहित निर्धारित ढांचामा शिलवन्दी प्रस्ताव (Proposal) तयार गरी यस कार्यालयमा निवेदन पेश गर्नु हुन अनुरोध छ। थप जानकारीका लागि सर्वान्धित पकेट क्षेत्रको स्थानिय तहको कार्यालय, सव डिभिजन वन कार्यालयका साथै यस कार्यालयको सूचना पाटीमा टाँस भएको सूचनाबाट प्राप्त गर्न सक्नु हुनेछ। रित नपुगेका र म्याद नाघी प्राप्त भएका निवेदन उपर कुनै कारबाही गरिने छैन।

**तपशिल**
**क) संचालन गरीने कार्यक्रमहरु**

| सि.न. | कार्यक्रम | कृयाकलाप | इकाई | परिमाण | अधिकतम रकम (रु हजारमा) | खेती गरिने प्रजाति | पकेट क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | जडिबुटी विकास कार्यक्रम | पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार | प्याकेज | १ | ४०० | मुख्य प्रजाति : तेजपात, रिठा, कुरीलो<br>सहायक प्रजातिः अमला, बेल, बोजो र हर्रो बर्रो | लेटाङ न.पा., केराबारी गा.पा. र मिक्लाजुगं गा.पा. |
| २ | वन व्यवस्थापन गरी काठ उत्पादन अन्तरगत सह विभाजित कार्यक्रम | जडिबुटी एवं गैह्रकाष्ठ वनपैदावार खेती विस्तार | प्याकेज | १ | ७०० | | |

**सम्पर्कको लागि ठेगानाः डिभिजन वन कार्यालय, मोरङ । फोन नं.: ०२१४६०४०४, ईमेलः** dfomorang@gmail.com

### मलेसियामा रोजगारको अवसर | कम्पनीः THE COFFEE BEAN & TEA LEAF (M) SDN.BHD.
शहरः Malaysia,PENANG

पूर्व स्वीकृत मितिः २०८०/०१/१४ चलानी नं.: ६०२००७८४ LT. No.: 285390

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crew Restaurant | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० वैशाख २२ गते (5 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले ब्यहोने | रोजगारदाताले ब्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Frontline Recruitment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646, 4593647
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com

### मलेसियामा रोजगार | कम्पनीः THE COFFEE BEAN & TEA LEAF (M) SDN.BHD.
शहरः SELANGOR

पूर्व स्वीकृत मितिः २०८०/०१/१४ चलानी नं.: ६०२००७८५ LT. No.: 285391

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crew Restaurant | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० वैशाख २२ गते (5 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले ब्यहोने | रोजगारदाताले ब्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

GOVT. LIC. NO.: 1594/079/80 **Global Dynamic Manpower Solution Pvt.Ltd.**
Sinamangal-09, Kathmandu, Nepal | 01-4593645 | Email: Globaldynamics1594@gmail.com


## Galyang Municipality
### Office of The Municipal Executive
Galyang, Syangja

**Invitation for Bids (IFB) for**
**Construction of Primary Health Centre-Chaura, Galyang Garaudhi-Guthi Sadak and Ward 3 Office-Chhartifat Road**
**IFB NO:18/2079-80**
**First Date of Publication: 2023/04/28 ( 2080/01/15)**

1. Galyang Municipality invites electronic bids from eligible bidders for "Construction of Primary Health Centre-Chaura, Galyang Garaudhi-Guthi Sadak and Ward 3 Office-Chhartifat Road "under national competitive bidding – Single stage Single Envelope Bidding procedures.

| S. N. | Contract No. | Description of work | Bid Security Amount NRs | Last Date of Bid Submission | Bid Opening Date and Time | Cost of Bidding Document NRs |
|---|---|---|---|---|---|---|
| 1. | Contract ID:GM/SYA/ NCB/WORKS/ 18/2079/080 | Construction of Primary Health Centre-Chaura, Galyang Garaudhi-Guthi Sadak and Ward 3 Office-Chhartifat Road | 1,09,000 | 2023/05/28 12.00 Hours | 2023/05/28 14.00 Hours | 3,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Galyang Municipality, Galyang, Syangja, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Highway Supervision and Monitoring Office Itahari**

## Road Division Dhankuta

**Invitation for Bids**

Notice No.: 08-079/080

Date of publication: April 28, 2023(2080-01-15)

1. Roads Division Dhankuta invites online Bids under e-procurement system from eligible bidders for the procurement of following works:

| S.N. | Contract Identification Number | Description and Location of Works | Estimate Amount without VAT& PS (NRs.) | Bid Security Amount (NRs) | Cost of Bidding Document (NRs.) | Bidding Type |
|---|---|---|---|---|---|---|
| 1 | RD-DKT/ SQ/ 33701169/ 079/080/02 | Construction of Pakhribas Katteldada Dekhi Muga Jalkanya Maalbase Kavre Hudai Ghodetaar Bhojpur Dhankuta Road Section | **17,09,373.73** | 45,000 | 1000 | Sealed Quotation |

2. **Details of Bid:**

| Last Date and Time of Submission of e-bids | Date and Time of Opening | Pre-Bid Meeting | Bid Validity Period | Bid Security Validity Period | Remarks |
|---|---|---|---|---|---|
| May 14, 2023 (2080-01-31); 12:00 hrs | May 14, 2023 (2080-01-31); 13:00 hrs | N/A | 45 days Counting from the Day of Bid Opening | Minimum 30 Days Beyond the Bid Validity Period | |

3. For further detail bidders are requested to visit the Notice Board of Roads Division Dhankuta or PPMO's website **https://bolpatra.gov.np/egp**.


### कतारमा रोजगार | कम्पनीः Maintenance and Management Solutions
शहरः Qatar, Doha

पुर्व स्वीकृत मितिः २०७९/१०/२० चलानी नं.: ६०१९६०२५ L.T. No.: 280496 पुनर्विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Black Smith | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 8 | 0 | | 1400 | ५०,००८ | | | | | | | |
| 3. | Engineer | 5 | 0 | | 4200 | १५०,०२४ | | | | | | | |
| 4. | Labour | 10 | 0 | | 1000 | ३५,७२० | | | | | | | |
| 5. | Painter | 5 | 0 | | 1200 | ४२,८६४ | | | | | | | |
| 6. | Plumber | 24 | 0 | | 1200 | ४२,८६४ | | | | | | | |
| 7. | Reinforce Fitter | 5 | 0 | | 1200 | ४२,८६४ | | | | | | | |
| 8. | Technician | 15 | 0 | | 1200 | ४२,८६४ | | | | | | | |

**अन्तर्वार्ता निमा ट्रेनिङ सेन्टर, उर्लाबारी, मोरङमा २०८० वैशाख २२ गते (5 May 2023) मा हुनेछ ।**
**जब ओरिन्टेड ट्रेनिङ सेन्टर, काठमाडौंमा २०८० वैशाख २३ गते (6 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले ब्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**QATAR INTERNATIONAL MANPOWER PVT. LTD.**
Gov. Lic. No. 1578/079/80
Tokha-05 Basundhara Kathmandu
Ph. No.: 01-5914971
E-mail: info@qim.com.np

### UAE मा रोजगारको अवसर | कम्पनी : TAMOUH EMPLOYMENT L.L.C.
शहरः UAE

पूर्व स्वीकृत मितिः२०८०/०१/१४ चलानी नं.: ६०२००७७७ LT. No.: 285337

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Cleaner | 20 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Male Window Cleaner | 10 | 0 | | 800 | २८,४४० | | | | | | | |
| 3. | Office Cleaner | 20 | 0 | | 800 | २८,४४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० वैशाख २२ गते (5 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**World At Work Consultant Pvt.ltd.**
श्रम ईजाजत पत्र नं. १४९९/०७४/०७५
Jayabageshwori-8, Kathmandu | Tel: 01-44596660 9841397451/9841207211/9851210146
Email: Gopalkoirala.waw@gmail.com, Www.waw@gmail.com




## सम्पादकीय

# अस्थिरताको निरन्तरता

गण्डकी र लुम्बिनी प्रदेश सरकार फेरिएका छन् । पाँचै वर्ष सरकार चलाउने सहमतिसहित सरकारको नेतृत्व गरेका दुवै प्रदेशमा निवर्तमान मुख्यमन्त्री खगराज अधिकारी र लिला गिरी केही महिनामै सत्ताच्युत भए । अर्थात, गणतान्त्रिक शासन व्यवस्थापछिको दोस्रो चुनावपछिको प्रदेश सरकार पनि स्थिर रहन सकेन । दुवै प्रदेशमा बिहीबार बनेका दुवै सरकार पूरै कार्यकाल चल्ने छैनन् । किनभने, सरकारमा सहभागी दलहरूले आधा/आधा कार्यकाल सरकारको नेतृत्व गर्ने सहमति गरेका छन् ।

नेपाली कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डे गण्डकी प्रदेशको मुख्यमन्त्री नियुक्त भएका छन् । प्रदेश प्रमुख पृथ्वीमान गुरूङले संविधानको धारा १६८(२) अनुसार पाण्डेलाई मुख्यमन्त्री नियुक्त गरेका हुन् । नवनिर्वाचित मुख्यमन्त्री पाण्डेकै शब्दमा उनले आधा कार्यकाल सरकारको नेतृत्व गर्नेछन् । बाँकी कार्यकालको नेतृत्व नेकपा माओवादी केन्द्रले सुम्पनेछन् । माओवादीसँग आधा/आधा सरकारको नेतृत्व गर्ने सहमतिअनुसार पाण्डे एमाले नेतृत्वको सरकार ढालेर मुख्यमन्त्री भएका हुन् ।

केन्द्रीय राजनीतिमा सत्ता समीकरण फेरबदल भएपछि लुम्बिनीमा कांग्रेसका डिल्लीबहादुर चौधरी मुख्यमन्त्री भएका छन् । विश्वासको मत नपाएर एमालेका लिला गिरी नेतृत्वको सरकारले ढलेसँगै डिल्ली चौधरी लुम्बिनी प्रदेशको नयाँ मुख्यमन्त्री बनेका छन् । बिहीबार प्रदेश प्रमुख अमिक शेरचनले चौधरीलाई संविधानको धारा १६८ (२) अनुसार मुख्यमन्त्री नियुक्त गरे । प्रदेशसभाको अघिल्लो कार्यकालमा मन्त्री बनेका उनले यसपटक मुख्यमन्त्री बन्ने अवसर पाए । चौधरी पनि माओवादी केन्द्रसँग आलोपालो सत्ता सहकार्य गर्ने सहमति अनुसार नै मुख्यमन्त्री भएका हुन् ।

अर्थात, दुई प्रदेशमा सरकार फेरिएसँगै गत मंसिरमा सम्पन्न चुनावपछिको सरकार पनि पाँचै वर्ष नटिक्ने प्रष्ट भएको छ । यसअघि एमाले र माओवादी केन्द्रको समीकरणमा २७ पुसमा सुदूरपश्चिम प्रदेश सरकारको मुख्यमन्त्री भएका एमालेका राजेन्द्रसिंह रावल सत्ताच्युत भइसके । संघीय सरकारमा सत्ता समीकरण फेरिएसँगै उनलाई दिएको समर्थन माओवादी केन्द्रले फिर्ता लियो र रावलले प्रदेश सभाबाट विश्वासको मत पाउन सकेनन् । त्यसपछि कांग्रेसका कमलबहादुर शाह मुख्यमन्त्री भए । सुदूरपश्चिम प्रदेश सरकारमा पनि कांग्रेस र माओवादीले आलोपालो नेतृत्व गर्ने सहमति गरेका छन् । अर्थात, अबको पाँचै वर्ष मधेश प्रदेशसहित सातै प्रदेशको सरकार पाँचै वर्ष नटिक्ने प्रष्ट भएको छ । मधेश प्रदेश सरकारमा जसपाका अध्यक्ष उपेन्द्र यादव निर्वाचित भएपछि मुख्यमन्त्री कांग्रेसले लिने अनौपचारिक सहमति सत्तारूढ दलहरूका बीचमा छ । यो नेपालको राजनीतिमा देखा परेको नयाँ दृश्य होइन । बरू केन्द्र सरकारमा विगत आठ दशकदेखि रहँदै आएको अस्थिरता संघीयता सँगसँगै प्रदेशमा पनि झरेको छ । अस्थिरतालाई निरन्तरता दिएकै कारण नागरिकमा निराशा मात्रै छैन्, विकल्प समेत खोज्न थालेका छन् । यसतर्फ सम्बन्धित पक्षले ख्याल गरून ।

# तामाङ परिषद् : सम्मेलनदेखि सम्मेलनसम्म

*अन्तर्राष्ट्रिय तामाङ परिषद् अब नामको मात्रै कर्मकाण्डी संस्था बन्नु हुँदैन । यो परिषद् त अहिलेको पुस्ता, समाजको आकांक्षा र आवश्यकतालाई बोक्न सक्ने हुनुपर्छ । नेतृत्व चयन मूलतः साँघुरो घेराबाट हुने भएकोले त्यसलाई फराकिलो बनाउन पर्छ ।*

अग्रलेख



● निष्णु थिङ

अन्तर्राष्ट्रिय तामाङ परिषद् स्थापना भएको पनि दुई दशक पार गरिसकेछ । यो परिषद् सन् २००२ मा काठमाडौंमा प्रथम सम्मेलन गरेर विधिवत स्थापना भएको थियो । अहिलेसम्म दुईवटा नेपालमा र दुईवटा भारतमा गरेर चारवटा सम्मेलनहरु सम्पन्न भए । अब पाँचौ सम्मेलन थाइल्याण्डको बैंककमा जुन ३-४, २०२३ गर्ने तयारी भएको छ । यस पाँचौ सम्मेलनको मूलनारा 'विश्वभरिका तामाङहरुको साझा मञ्च-साझा सवालको निम्ति साझा पहल' रहेको छ । यस परिषद्को दुईवटा सम्मेलनहरु तेस्रो(काठमाडौं) र चौथोमा (मिरिक, दार्जिलिङ) पंक्तिकार प्रत्यक्ष सहभागी भएको छ ।

तामाङ अग्रजहरुले विश्वभरि फैलिएका र फैलिँदै गएका सारा तामाङहरुलाई समेट्न र उनीहरुका साझा मुद्दाहरुलाई मुखर गर्न यस परिषद्को परिकल्पना गरेरै यसको स्थापना गरेको हुनुपर्छ । यो जाति एउटै राष्ट्रको सीमारेखा र राष्ट्रियतामा मात्रै सीमित छैनन् । आज नेपाल, भारत, भुटान, बर्मा, थाइल्याण्ड, चीनसहित विभिन्न देशमा कैयन् पुस्तादेखि सोही देशको नागरिक भएर बसेका छन् । अहिले डिभि, पिआर, ग्रिनकार्ड र नागरिकता नै लिएर विश्वका थुप्रै पश्चिमा देशहरुमा फैलिएका छन् । यसरी संसारभरि फैलिएर रहेका जातिलाई एउटै मालामा उनेर राख्ने प्रयास अत्यन्तै सह्रानीय हो । अब तामाङ जाति मात्रै होइन, सभ्यताको रूपमा विकास भइसक्यो । यो सभ्यताको फूलको सुवास विश्वभरि फैलिनै सकेको छ । त्यसरी छरिएका सभ्यतालाई परिषदको मालामा उन्ने कार्य प्रशंसानीय नै छ ।

### सम्मेलनदेखि सम्मेलनसम्म

यो परिषद्को सम्मेलन नियमित भइरहेको छ । त्यो नै यसको सबल पक्ष हुन् । यसमा नेपाल, भारतको सक्रिय सहभागिता छ । अरु देशको निष्क्रियजस्तै भूमिका रहँदै आएको छ । जुन देश आयोजक रह्यो, त्यही देशले नेतृत्व पाउने सामान्य नियम नै रहेको छ । त्यसो हुँदा अहिलेसम्म नेपाल र भारतले दुई/दुई पटक नेतृत्व गरिसकेको छ । परिषद्को चलनचल्तीअनुसार, अब थाइल्याण्डले यो परिषद्को नेतृत्व पाउने सोझै अनुमान लगाउन सकिन्छ । यो परिषद् तामाङ सभ्यताको लागि विश्वकै सर्वोच्च निकाय हुन् । योभन्दा माथिको अरु संस्थागत संरचना छैन । त्यसो भएको कारणले गर्दा करोडौं तामाङहरुका एक मात्र सर्वोच्च संस्थाको रूपमा रहँदै आएको छ । अहिलेसम्मको परिषद्को अभ्यास र गतिविधि हेर्दा यो पाँच वर्षमा एक पटक सम्मेलनको लागि सक्रिय हुने संस्थाको रूपमा चिनिँदै आएको छ । सम्मेलन सम्पन्न गरेपश्चात् पुनः पाँच वर्षे कुम्भकर्णको निदाइमा डुबेको देखिन्छ । परिषदले खासै उल्लेखनीय केही गरेको देखिँदैन । अहिलेको बिजुली गतिमा दौडिने विश्वको माग र आवश्यकतालाई यो परिषद्को यस्तो कुम्भकर्णे चालढालले सम्बोधन गर्न सक्दैन । अहिलेको विश्वमा तामाङहरुका आकांक्षा, सोच र चाहनालाई यसले भेट्नै सकेको छैन ।

विगत दुई दशकसम्मको परिषद्को इतिहासमा यो संस्थाले तामाङ समाजमा प्रत्यक्ष अनुभूति हुने गरेर केही गरेको पाइँदैन । एक पटक संस्कार संस्कृति निर्देशिका पारित गरेबाहेक त्यस्तो सम्झिने लायकको केही गरेको देखिँदैन । त्यो निर्देशिका पारित गरेको पनि वर्षौं भइसक्यो, त्यसमा थप परिमार्जन र विस्तृत बनाउनु पनि पर्छ होला । तेस्रो सम्मेलनमा बीस वर्षे 'तामाङ साँस्कृतिक पुर्नजागरण नीति' पारित गरेको थियो, त्यो पनि कागजमै सीमित रह्यो । पंक्तिकारले गत मिरिक सम्मेलनबाट परिषद्लाई नजिकैबाट अवलोकन गर्दै आएको छ । परिषद्का नेतृत्वले कोभिडलाई मुख्य बहानाको रूपमा प्रस्तुत गर्न सकिन्छ । तर, कोभिड सकेको पनि यतिका समय भइसके । यो बीचमा केही गरेको देखिएन । यसपालिको ल्होछारको बेला वेभसाइट र पात्रो सार्वजनिक गर्ने कार्य गरे । त्यो त कार्यालयको नियमित कार्य नै हुन् । विश्वभरि फैलिएर रहेका तामाङ समुदायले महसुस गर्नेगरी केही काम पनि भएन । परिषद् पाँच वर्षे रमाइलो जात्रा जस्तो भएको छ । पाँच वर्षमा कुनै भूगोलमा भेला भयो, गीत गाइयो, नाचियो, खाइयो र छुट्टियो । भारतमा बाह्र वर्षमा एकपटक त्रिवेणी मेला लाग्छ । त्यस्तै यो पनि पाँच वर्षमा लाग्ने जात्रा जस्तै परिषद्को सम्मेलन हुँदै आएको छ । यो सम्मेलन करोडौं खर्च गरेर गरिन्छ, तर, उपलब्धि केही देखिँदैन । न



*अहिलेसम्मको परिषद्को अभ्यास र गतिविधि हेर्दा यो पाँच वर्षमा एक पटक सम्मेलनको लागि सक्रिय हुने संस्थाको रूपमा चिनिँदै आएको छ । सम्मेलन सम्पन्न गरेपश्चात् पुनः पाँच वर्षे कुम्भकर्णको निदाइमा डुबेको देखिन्छ । परिषद्ले खासै उल्लेखनीय केही गरेको देखिँदैन । अहिलेको बिजुली गतिमा दौडिने विश्वको माग र आवश्यकतालाई यो परिषद्को यस्तो कुम्भकर्णे चालढालले सम्बोधन गर्न सक्दैन ।*

कुनै मन्थन हुन्छ, न कुनै त्यसबाट अमृत नै निस्कन्छ । अग्रज भनिएका तामाङहरुका जुँङ्गाको लडाइँ गर्ने थलो मात्रै हुँदै आएको छ । आपसमा बसेर भाग शान्ति मिलाउने काम हुन्छ, तर ठोस उपलब्धि हासिल गर्ने कुनै न योजना छ न कार्यक्रम नै । यसरी नै २० वर्ष बितिसक्यो । २० वर्षमा त जन्मेको शिशु नै लक्का जवान हुन्छ । उत्पादनशील उमेरमा प्रवेश गर्छ । तर, यो परिषद् अहिले पनि दुधे बालकजस्तै बामे सर्ने काममा तातेताते गर्दैछ । यसरी त यो संस्था कहिले वयस्क हुने होला ?

### तामाङ संस्थाको क्षयीकरण

समाजको आकांक्षा र आवश्यकता बढेसँगै तामाङ संस्थाको सबलीकरण हुन आवश्यक छ । बलियो संस्था निर्माण गरेर आफ्नो समाजलाई अगाडि बढाउने, आफ्नो देशको राजनीतिक, सामाजिक र सांस्कृतिक, आर्थिक र ऐतिहासिक परिवेशअनुसार सरकारबाट आफ्ना मागहरुलाई सम्बोधन गराउनु पर्थ्यो । त्यो हुन सकेन । तामाङ संस्थाहरु क्षयीकरणमा गएका छन् । उदाहरणको लागि नेपाल, भारत र अमेरिकामा रहेका संस्थाहरु हेरौं । आपसमा विभाजित छन्, एकता छैन । सानोतिनो वैयक्तिक विषयहरुलाई संस्थागत बनाउदै मनमुटावलाई चर्काएर बेग्ला-बेग्ला संस्थाहरु निर्माण गरेका छन् । आपसमा फुट ल्याएका छन् । नेपालमा नेपाल तामाङ घेदुङ र नेपाल तामाङ राष्ट्रिय घेदुङ, भारतमा अखिल भारत तामाङ बौद्ध संघको विकल्पमा अर्को संस्था बनाइयो । त्यसैगरी, अमेरिकामा पनि त्यस्तै छ । न्यूयोर्क शहरमा दुई/दुई फरक-फरक तामाङ संस्थाहरु क्रियाशील छन् । एकापसमा दोषारोपणमा उत्रेका मात्रै छैनन्, पानी काट्नेसम्मको स्थिति छ । यस्तो विभाजित अवस्थामा त्यसमाथि दलीय आधारमा खिचातानी र गुटहरुको प्रतिस्पर्धा नै छ ।

नेपाल तामाङ घेदुङजस्ता संस्थामा दलीय आधारमा शिविरहरु नै छन् । आरोप प्रत्यारोप, असहयोग, एकार्कालाई असफल बनाउन षडयन्त्र गरिबस्छन् । आफ्ना दलका एजेण्डाहरु संस्थामा भित्र्याएर रडाको मच्चाउँछन्, आपसमा लड्छन् । कसको दलको नीति तामाङ संस्थामा लागू गर्ने होडबाजी गरेर घनचक्कर मारिरहन्छन् । यतिसम्म हस्तक्षेप निम्त्याइयो कि तामाङ संस्थाको नेतृत्व चयन गर्ने बेलामा दलका नेताहरु आशिर्वादसमेत थाप्न जान्छन् । गैर तामाङ दलका नेताबाट भिटो लगाएर आफ्नो जातीय संस्थाको नेता बन्न गर्व गर्छन् । यस्ता कार्यहरुले तामाङ संस्थाको क्षयीकरण भएको छ । आखिरमा समानान्तर संस्थाहरु किन चाहियो त ? नेपाल तामाङ घेदुङ र राष्ट्रिय घेदुङ किन अलग अलग बस्न पर्‍यो त ? एउटै उद्धेश्यका उस्तै संस्थाहरु एक हुदा नै त्यो बलशाली हुन्छ । त्यो गर्नलाई कसले रोकेको छ ? यस्तो क्षतविक्षत भएका संस्थाहरुले सरकारसित कसरी लड्न सकिएला नि ? एकीकृत सामुदायिक आन्दोलन कसरी चलाउन सकिन्छ त ?

आज नेपालमा तामाङ जतिकै जनसंख्या भएको अरु जातिहरुले सशक्त आन्दोलन गर्छन्, राज्यलाई गलाएर एउटा बिन्दुमा गएर उपलब्धि हासिल गर्छन् । उदाहरणको लागि, थारुले संविधानबाट थारु आयोग प्राप्त गरे, अब निजामती सेवामा पाँच प्रतिशत बेग्लै आरक्षण पाउँदैछन् । अलग्गै दल बनाएर मूलधार भनिएका दलहरुलाई चुनौती पेश गर्न सक्छन् । नागरिक उन्मुक्ति पार्टीले सुदूरपश्चिम सरकार ढाल्न सक्छन् र अड्याउन पनि सक्छन् । संघको सरकारलाई दवाव दिन सक्छ । उक्त दलको समर्थनविना संघ र प्रदेशमा सरकार बनाउन हम्मे हम्मे हुने स्थितिमा पुर्‍यायो । त्यो दृष्टिकोणले तामाङहरु कहाँ छन् ? हामी त गन्तीमै छैनौं । यति पनि किन बुझ्न नसकेका होलान्, हाम्रा नेतृत्वले !

### परिषदको नयाँ मोडल

अन्तर्राष्ट्रिय तामाङ परिषद् अब नामको मात्रै कर्मकाण्डी संस्था बन्नु हुँदैन । यो परिषद् त अहिलेको पुस्ता र समाजको आकांक्षा र आवश्यकतालाई बोक्न सक्ने हुनुपर्छ । नेतृत्व चयन मूलतः साँघुरो घेराबाट हुने भएकोले त्यसलाई फराकिलो बनाउन पर्छ । नेतृत्वमा विविध पृष्ठभूमिका व्यक्तित्वहरुलाई समावेश गर्न जरुरी छ । त्यसमा राजनीतिक, प्राज्ञिक/बौद्धिक, व्यापारिक, साहित्यकार, संस्कृतिविद, अभियन्ता, अन्तर पुस्ता, विज्ञताजस्ता विविध क्षेत्रका छनौट गरेर ल्याउन आवश्यक छ । अन्तरदेशीय सम्बन्धलाई पूँजीकृत गर्न सक्ने दक्ष जनशक्तिलाई परिषद्मा ल्याउन आवश्यक छ । परिषद्ले अन्तर्राष्ट्रिय विषयगत समितिहरु बनाउने सक्नेछन् । जसमा विषयविज्ञहरुलाई चयन गर्न सक्नेछन् । नीति बनाएर नेतृत्व गर्न सक्ने चलायमान व्यक्तिलाई परिषदको नेता बनाउनु पर्छ ।

परिषद्ले राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा ख्यातिप्राप्त तामाङ व्यक्तित्वहरुको एउटा सञ्जाल बनाउनु पर्छ । त्यस्ता सञ्जालहरु साहित्यकारहरुका हुनसक्छ, व्यापारीहरुका हुनसक्छ र विज्ञ समूहको हुनसक्छ । रोटीबेटीको सम्बन्धलाई प्रबर्द्धन गर्ने इकाइ बनाउन सक्छ । बेला बेलामा राष्ट्रिय अन्तर्राष्ट्रिय विषयहरुमा गोष्ठी र सम्मेलनहरु आयोजना गर्न सक्नेछ । अन्तरदेशीय सामाजिक, साँस्कृतिक अध्ययन अनुसन्धानहरु गर्न सक्छन् । अन्तरदेशीय ज्ञान, अनुभव र पूँजीको आदानप्रदानको वातावरण निर्माण गर्न जरुरी छ । कामकाजी नेतृत्व ल्याउन जरुरी छ । सम्मेलनदेखि सम्मेलनसम्म निदाउने कुम्भकर्ण स्वभावबाट मुक्त नहुने हो भने तामाङ मुक्ति आन्दोलन कसरी सम्भव हुन्छ होला ? तामाङ समाजलाई नामको होइन, कामको परिषद् चाहिएको छ ।

*(लेखक तामाङ राष्ट्रिय पुस्तकालयका बोर्ड सदस्य हुन् ।)*

## सामाजिक सञ्जाल



**- मुमाराम खनाल**

यस्तो आर्थिक संकटको समयमा माओवादीका अयोग्य लडाकुको नाममा राज्यको एक अर्ब ४० लाख रकम निकासा गर्ने सरकारको निर्णय घोर आपत्तिजनक छ । लडाकुहरू होइन, माओवादी नेतृत्व अयोग्य थियो- जसले राजनीतिक दाउपेचको लागि शान्ति प्रक्रियामा आउनेबित्तिकै जथाभावी 'लडाकु' बनाएर शिविरमा हुलेको थियो ।



**- नवराज पन्त**

योजनाबद्ध विकास राजनीतिको जग नबसेको देशमा जडसुत्रवाद, सिद्धान्तवाद, प्रयोगवाद, पपुलिज्म आदि हावी हुनसक्छ । त्यो स्वाभाविक हो तर, जुन दिन जनताले योजनाबद्ध विकास राजनीतिको मेवो समात्छन्, सबै बिलाउन सक्छ । अझै मेवोको पत्तो छैन, दाइँ गर्ने र गोठालो त भेटेकै छैन !



**- शरदराज पाठक**

मृत्युपछि पनि मुद्दा लाग्न सक्ने व्यवस्था कायम भएता पनि हाल देशमा भ्रष्टाचार यसै चरम चुलीमा छ । अब पाँच वर्षपछि मुद्दा नै नचल्ने कानुनी बन्दोबस्त गरिए देश भ्रष्टाचारीहरूका लागि झन् स्वर्ग बन्ने छ । सरकारको नियत खराब देखिएको छ । आ-आफ्नो क्षेत्रका सांसदलाई सबैले खबरदारी गरौं ।



**- चन्द्र श्रेष्ठ**

यो अस्थिरता, मन्दी, अराजकता, लुटलाई अन्त्य गर्दै गरिखाने वातावरण सिर्जना गर्दैनौं भन्ने यहाँ कुनै राजनीतिक दलहरू छैनन् । तर, के कारणले जनमानसमा सहज वातावरण बन्दैन्, त्यो थाहा भएन । नेताले आफ्नो मन त्यसपछि घर सफा राख्न सके छिमेक समाज हुँदै मुलुकभर नै सुधारको संकेत कतै देखा पर्थ्यो कि !

# सच्चिने अवसर

टिप्पणी



● इश्वरचन्द्र ज्ञवाली

*पुराना दलहरूप्रति जनतामा ठूलो वितृष्णा पैदा भएको छ । जनताहरू निकै आजित भएका छन् । त्यसैले दलहरू सच्चिएर मात्रै पुग्दैन रूपान्तरण, परिवर्तन नै हुनुपर्छ । यदि राष्ट्रिय सहमति कायम गरेर पाँच वर्षभित्र आफूलाई रूपान्तरित भएको प्रमाणित गरेनन् भने दलहरूको भविष्य समाप्तितिर नै जानेछ ।*

तीन क्षेत्रको उपनिर्वाचनको चुनावी सन्देशबारे धेरै क्षेत्रबाट विश्लेषण र बहसहरु भइरहेका छन् । तीन क्षेत्रमा जुन खालको नतिजा देखियो, यसले मूलत ठूला भनिएका पुराना दलहरुमाथि बर्गेल्ती प्रश्नहरु उब्जाएका छन् । जनताले उनीहरुबाट भएका गल्ती, बदमासी, बेइमानीबारे जवाफ मागेका छन् । दलहरुबाट, दलका माथिल्लो तहका नेताहरुबाट, प्रशासनबाट, कर्मचारीतन्त्रबाट, नीतिगत निर्णयकर्ताहरुबाट अक्षम्यरूपमा भएका बेइमानीको हिसाब मागिएको छ ।

जनआवाज नसुन्ने, जनताका पीडाप्रति संवेदना शून्य हुने, जनताका समस्यामा सरोकारै नराख्ने, आपसमा कुकुर बिरालो झैं झगडा गरेर दिन बिताउने, आपसमा फुटाफुट गर्ने र त्यसको असर जनतामाथि थोपर्नेमाथि जनताले प्रश्न उठाएका छन् । देशलाई रसातलमा धकेल्ने र आफ्ना स्वार्थ मात्रै हेर्ने, आसेपासेको मात्रै भरण पोषणमा राष्ट्रिय ढुकुटी रित्याउने, विकास, देश, जनता भाँडमा जाऊन् आफु भरपूर भए पुग्ने जस्ता कुकर्मकै कारण दलहरुप्रति जनतामा पूरै वितृष्णा, घृणा, अविश्वास पैदा भएको छ ।


पुराना कांग्रेस-एमाले कालमा देशका १२८ वटा ठूला कारखाना बन्द गराएर लाखौं मजदुरलाई बेरोजगार बनाएको पीडा पनि जनताले बिर्सन सकेनन् । योबीचमा नयाँ केही बनेन, बनाइएन, भएको ध्वस्त बनाइयो । ठूलो परिवर्तनको अपेक्षा गरिएको माओवादी नेतृत्वबाट पनि अपेक्षित परिवर्तन हुन सकेन । त्यसका पछाडि विभिन्न कारण होलान्, तथापी माओवादी नेतृत्वबाट जे गर्न सकिन्थ्यो त्यो भएन । आज जनता सामान्य रोजिरोटकै लागि विदेशिन बाध्य छन् । आज जुन खालको युवाहरुको बाध्यकारी विदेशिने अवस्था बनेको छ, त्यसमा मुख्यगरी पुराना तथा ठूला दलको हात छ । उनीहरुको गलत भूमिकाकै कारण आज मुलुकको अवस्था थप जर्जर खालको बनेको छ ।

उनीहरुप्रति जनतामा ठूलो वितृष्णा पैदा भएको छ । जनताहरु निकै आजित भएका छन् । त्यसैले दलहरु सच्चिएर मात्रै पुग्दैन रूपान्तरण, परिवर्तन नै हुनुपर्छ । यदि राष्ट्रिय सहमति कायम गरेर पाँच वर्षभित्र आफुलाई रूपान्तरित भएको प्रमाणित गरेनन् भने दलहरुको भविष्य समाप्तितिर नै जानेछ ।

अहिले प्रधानमन्त्रीका रुपमा पुष्पकमल दाहाल 'प्रचण्ड'ले जुन खालको राष्ट्रिय सहमतिको प्रस्ताव ल्याएका छन्, त्यो निकै जायज छ । विगतमा राजनीतिक व्यवस्था परिवर्तनका लागि सँगै लडेका दलहरुबीच अब विकास र रुपान्तरणका लागि सहकार्य हुनुपर्छ । परिवर्तन, विकास, रूपान्तरणमा राष्ट्रिय सहमति कायम गरी कुकुर बिरालो झैं दलहरु आपसमा लडाभाँती गर्न छाड्ने हो भने धेरै कुरा जनताले खोजे जस्तै हुन्छ । यदि आन्दोलनबाट उदाएका, यति लामो संघर्ष झेलेका दलहरुले जनताका मुद्दामा सहकार्य गर्ने अठोट नगर्ने हो भने सच्चिएर नजाने हो भने दलहरु सकिनेछन् । जनताको आक्रोशका बीच रविहरु उदाउनेछन् । उदाउनु सही हो वा होइन, त्यो बेग्लै समीक्षाको विषय हो, तर दलहरुले बनाएको परिस्थितिले रविहरु उदाउन बाध्य बनाएका छन् । रविहरुले मुलुकको निकास दिन्छन् वा दिँदैनन् विषय फरक छ, तर जनतामा जुन खालको आक्रोश पैदा भएको छ, यसले पुराना भनिएका पार्टीहरुको यही अवस्थामा भविष्य नरहेको स्पष्ट पार्दछ । चुनावी नतिजाले दलहरुलाई सच्चिने अवसर दिएको छ । दलहरुलाई सच्चिने वा सकिने मात्रै विकल्प चुनावले दिएको देखिन्छ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | प्रसन्नतामा वृद्धि हुनेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| वृष | : | लेनदेनमा सावधानी राख्नुहोला । मनोबल उच्च रहनेछ । |
| मिथुन | : | सन्तान सुखमा वृद्धि हुनेछ । व्यवसायमा लाभ मिल्नेछ । |
| कर्कट | : | आहारमा ध्यान दिनुहोला । पेटसम्बन्धी समस्याको योग छ । |
| सिंह | : | आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । सन्तान सुख प्राप्त हुने योग छ । |
| कन्या | : | खर्चमाथि नियन्त्रण राख्नुहोला । धार्मिक कार्यमा सहभागिता बढ्नेछ । |
| तुला | : | जग्गा खरीद हुने योग छ । व्यापारिक प्रगति राम्रो हुनेछ । |
| वृश्चिक | : | राजनीतिक कार्य सफल हुनेछ । नयाँ काम बन्ने योग छ । |
| धनु | : | सम्पर्कमा वृद्धि हुनेछ । शिक्षामा लाभ मिल्नेछ । |
| मकर | : | राजनैतिक कार्यमा रुकावट आउनसक्छ । पारिवारिक कार्य सफल हुनेछ । |
| कुम्भ | : | वाणी संयम राख्नुहोला । जोखिम लिनु हुँदैन । |
| मीन | : | साहसी कार्यमा सफलता मिल्नेछ । पारिवारिक कार्य सफल हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# चौधरीले बुझाए खर्च विवरण




**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, १४ वैशाख

नेकपा एमाले सप्तरी जिल्ला कमिटी अध्यक्ष तथा मंसिर ४ को आम निर्वाचनमा सप्तरी निर्वाचन क्षेत्र नम्बर ३ बाट प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार ताराकान्त चौधरीले निर्वाचन खर्च बुझाएका छन् । नेपाली कांग्रेसका उम्मेदवार दिनेश यादवसँग झिनो मतानन्तरले पराजय भएका चौधरीले बुधबार निर्वाचन आयोगमा १० लाख ३० हजार छ सय ४३ रुपैयाँ खर्च गरेको विवरण बुझाएका हुन् ।

निर्वाचन खर्चका सम्बन्धमा उनले मतदाता नामावली खरिद बापत ९९ हजार पाँच सय रुपैयाँ खर्च गरेका छन् । त्यस्तै निर्वाचन प्रचारप्रसार सामग्री बापत एक लाख १५ हजार सात सय ६४ रुपैयाँ, गोष्ठी/अन्तरक्रिया तथा खाना र नास्ता बापत एक लाख २३ हजार ९ सय ५५ रुपैयाँ तथा इन्धनतर्फ डिजेल र पेट्रोल बापत ६ लाख ९१ हजार चार सय २४ रुपैयाँ खर्च गरेको लिखित विवरण आयोगमा बुझाएका छन् ।

दोस्रो संविधानसभा सदस्यमा भारी मतानन्तरले विजयी भएका चौधरी २०७४ को प्रतिनिधिसभा निर्वाचनमा सोही क्षेत्रबाट आफ्नै दाजु चन्द्रकान्त चौधरीसँग पराजित भएका थिए । चन्द्रकान्त उक्त निर्वाचनमा तत्कालीन राजपाको चुनाव चिह्न साइकलबाट जनता समाजवादीसँगको गठबन्धनमा चुनाव जितेका थिए । सो क्षेत्रमा राम्रो पकड बनाएका चौधरी एमाले सप्तरीको सांगठनिक कार्यमा अब्बल सावित हुँदै गएको छ। पार्टीका हरेक पंक्तिका नेताकार्यकर्ताहरुसँग समान व्यवहार र आचरणमा प्रस्तुत हुने चौधरी सांगठनिक सुदृढीकरणका निमित्त क्रियाशील छन् ।

# जुम्लाको तातोपानीमा भेटिएको सकेट बम सेनाद्वारा डिस्पोज



**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, १४ वैशाख

जुम्लाको तातोपानी गाउँपालिका वडा नं ४ गौतमबाडामा भेटिएको सकेट बम डिस्पोज गरिएको छ। स्थानीय लक्ष्मीप्रसाद गौतमको दाउरा खादमा भेटिएको सकेट बम नन्दाबक्स गण जुम्लाका सहायक सेनानी टेकराज गौलीको नेतृत्वमा गएको ७ जनाको टोलीले बिहीबार डिस्पोज गरेको हो ।

बम देखेपछि स्थानीयले हाँकुस्थित प्रहरी चौकीलाई बुधबार खबर गरेका थिए । बम भेटिएपछि सुरक्षाका लागि प्रहरी सहायक निरीक्षक राजेन्द्र गिरी नेतृत्वको टोली बुधबार खटिएको हो। बुधबार अबेर भएपछि बिहीबार बिहानमात्रै बम डिस्पोजल गरिएको जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी निरीक्षक धर्मराज जोशीले जानकारी दिएका छन् ।

सो सकेट बम द्वन्द्वकालमा छोडिएको हुन सक्ने अनुमान गरिएको छ । ०६६ चैत २४ गते सोही गाउँको रुपचन्द्र बोहराको पुराना घर भत्काउने क्रममा बेवारिसे बम विष्फोटमा परेर रामालक्ष्मी जैसी घाइते भएकी थिइन् । उनको आँखामा चोट लागेको थियो भने हात भाँचिएको थियो । अहिले पनि जैसीको अवस्था उस्तै रहेको छ। जैसी अहिले हिँडडुल गर्न नसक्ने अवस्थामा छिन् ।

# तीन लाख बढीको अवैध कपडा नियन्त्रणमा



**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, १४ वैशाख

नवलपरासीमा ३ लाख ६२ हजार ६ सय १६ मूल्य बराबरको अवैध कपडा प्रहरीले नियन्त्रणमा लिएको छ । बिहीबार बर्दघाट नगरपालिका वडा नं. ४ स्थित मिनादेवीको घरको सटरमा भारतबाट अवैधरुपमा भन्सार छली गरेर ल्याइएको कपडा जिल्ला प्रहरी कार्यालयबाट प्रहरी नायव निरीक्षक मदन बस्याल र राजश्व अनुसन्धान बुटवलबाट राजस्व अधिकृतको कमाण्डमा खटिएको संयुक्त टोलीले सर्टिङ थान कपडा १ हजार ३९ मिटर, सुर्टिङ थान कपडा १७२ मिटर गरी ५ प्याकेट कपडा नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिइएको कपडा आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय बुटवल पठाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका सूचना अधिकारी भोजराज पण्डेले बताए ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८०/०१/१५**

**गण्डकी मध्यविन्दु एग्रो फार्म एण्ड रिसोर्ट प्रा.लि.**को मिति २०८०/०१/०८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गण्डकी मध्यविन्दु एग्रो फार्म प्रा.लि. (प्रा.लि.नं.: ३०७१६२)** कायम गर्ने गरी मिति २०८०/०१/११ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन भएको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०१/१४

यस कम्पनीको मिति २०७९/१२/१७ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी निर्वना एच. आर. प्रा.लि. (प्रा.लि.द.नं.: १३५६/०७४/०७५) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनी बर्जाया रिसोर्सेस प्रा.लि. ले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी बर्जाया रिसोर्सेस प्रा.लि. कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OKINAWA HUMAN RESOURCE COOPERATIVE शहर : JAPAN, NAHA
पूर्व स्वीकृत मिति: २०८०/०१/१४ चलानी नं.: ६०२००७६८ Lt.No.:285295

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | PLUMBER | 3 | 154800 | १,५१,७०४ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २२ गते (5 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
**(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।**

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : नि:शुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**■ जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ।**

**AMAN OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1262/074/075
Ratopul-30, Kathmandu, Nepal, Tel.: 01- 4512370, 4512377, 9802749215
Email.: info@amanoverseas.com.np, Web.: www.amanoverseas.com.np

## मलेसियामा रोजगार

कम्पनी: CONSTRUCTION LABOUR EXCHANGE CENTER BERHAD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/१२/२१ चलानी नं.: ६०१९९३८२ L.T. No.: 283987 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construcion worker | 200 | 0 | स. काममा दक्ष | 1500 | ४३,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २२ गते (5 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।**

**बेबी एन्जल इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ९४०/०६७/०६८
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 014561353
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np

## साउदीमा रोजगार

कम्पनी : GEEBAZ MIDDLE EAST SAUDI TRADING CO BRANCH शहर:SAUDI,ARABIA
पूर्व स्वीकृत मिति: २०८०/०१/१४ चलानी नं.: ६०२००७७३ L.T. No.: 285343

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 0 | स. काममा दक्ष | 1000 | ३४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २२ गते (5 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
धुम्बराही, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२,

## कुवेतमा रोजगारको अवसर

कम्पनी : DALAL CITY HOTEL शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०७८/०५/०४ चलानी नं.: ६०१८५८१४ L.T. No.: 269994 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Electrical Techician | 4 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१,१४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bellboy | 5 | 0 | | 120 | ५१,१४६ | | | | | | | |
| 3. | House Keeping | 0 | 2 | | 120 | ५१,१४६ | | | | | | | |
| 4. | Werehouse | 5 | 5 | | 120 | ५१,१४६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २२ गते (5 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Fusion International Pvt Ltd**
Gov Lisence No: 283/058/059
Panchakumari Marga, New BaneshworKathmandu, Nepal
Tel 01-4465326 | Email: info@fusionintlpvt.com
Website:www.fusionintlpvt.com

## BAHRAIN मा रोजगार

१. कम्पनी : BAHRAIN GALVANIZING FACTORY शहर : RIFFA
पूर्व स्वीकृत मिति: २०७८/०७/११ चलानी नं.: ६०१६७४४५ LT. No.: 249309 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 6 | 0 | स. काममा दक्ष | 100 | ३४,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २२ गते (5 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**BERJAYA RESOURCES PVT. LTD.**
(साविकNIRVANA H.R. PVT. LTD.)
श्रम इजाजत पत्र नं.: १३५६/०७४/०७५
Kathmandu-9, Nepal Tel.: 01-4116649.
E-mail : nirvanahr017@gmail.com, Web.: http://www.nirvanahr.com.np

## साउदीमा रोजगार

कम्पनी: MOMENTUM SAUDI COMPANY LIMITED शहर: Jeddah
पूर्व स्वीकृत मिति: २०८०/०१/१४ चलानी नं.: ६०२००७७० L.T. No.:285344

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Duty Driver | 10 | 0 | स. काममा दक्ष | 1900 | ६६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २२ गते (5 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Superb Solutions Pvt. Ltd.**
Govt Lic. No. 264/058/059
कालिमाटी डोल, एयरपोर्ट, काठमाडौ, फोन : ४४६१२४३, ४४४९५१८
मोबाइल : ९८५१३२४६५४, ९८१८८२४१३६, ९८१२३५५५४४, ९७४६५०४११३
Email: info@superbsolutions.com.np, Website: www.superbsolutions.com.np

## मलेसियामा रोजगार

कम्पनी : KPD SECURITY SERVICES SDN BHD शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मिति: २०८०/०१/०६ चलानी नं.:६०२००३९७ LT. No.: 284981

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 11 | 0 | स. काममा दक्ष | 1500 | ४३,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २० गते (3 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।**

**नाशा ह्यूमन रिसोर्स प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ८३१/०६६/०६७
महाराजगंज, चक्रपथ-३, काठमाडौं, फोन: ०१- ४३७९६७७

**यस मेनपावर कार्यालयको माथि उल्लेखित विज्ञापन मिति २०८०/०१/१४ गते प्रकाशित हुनुपर्नेमा भुलवस प्रकाशित गर्न छुटेकोले यसै सूचनालाई आधार मानी प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।**

## मलेसियामा रोजगार

१. कम्पनी : ASIA BOLTS & NUTS INDUSTRIES SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०८/२० चलानी नं.: ६०१९२७९१ LT. No.: 277184 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | स. काममा दक्ष | 1500 | ४३,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २२ गते (5 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले व्यहोर्ने | रु. १,५००/- कामदारले व्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**डेष्टिनी प्लेसमेन्ट सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. १६३/०५६/०५७
पो.ब.नं. १४१२५, बानेश्वर हाइट, काठमाडौं, नेपाल, Email: placementservice.destiny@gmail.com
फोन नं. ४४७५१७६, ४४६४५१५, फ्याक्स: ४४९२९६२

## साउदीमा रोजगार

कम्पनी : EHAM OPERATIONS AND MAINTENANCE COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०७/१४ चलानी नं.: ६०१६६६३१ L.T. No.: 249441 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole Vehicle Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ६२,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २२ गते (5 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

